जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
बुधवार, ९ पुस २०७६ | Wednesday, 25 December 2019
आर्थिक अभियान



तस्वीर : बुद्धिमान पुन/आर्थिक अभियान

**सल्यानको छत्रेश्वरी गाउँपालिका–२ बुराँसेका किसान तेजबहादुर योगीको नर्सरी फार्मको सोमवारको दृश्य । उक्त फार्ममा कर्णाली प्रदेश सरकारको अनुदान र व्यक्तिगत गरी करीब ४० लाख रुपैयाँ लगानी रहेको उनले बताए । उनका अनुसार फार्ममा अहिले विभिन्न प्रजातिका ५० हजार बिरुवा छन् ।**

# संघीय शिक्षा ऐनको ढिलाइले स्थानीय तह अन्योलमा

**अभियान संवाददाता**
काठमाडौं



सरकारले संघीय शिक्षा ऐन बनाउन नसक्दा स्थानीय तहको शिक्षाक्षेत्रमा अन्योल भएको पाइएको छ । शिक्षा पत्रकार समूह र सेभ द चिल्ड्रेनले सात प्रदेशका १३ ओटा स्थानीय तहमा गरेको अध्ययनले यस्तो देखाएको हो ।

संघीय शिक्षा ऐनको ढिलाइले शिक्षक नियुक्ति, सरुवा-बढुवाजस्ता विषयमा स्थानीय तहले कार्यान्वयन गर्न नसकेको उक्त अध्ययनको निष्कर्ष छ । यी दुई संस्थाद्वारा मंगलवार राजधानीमा आयोजित कार्यक्रममा 'संघीयतामा शिक्षा : स्थानीय तहका राम्रा अभ्यास, अवसर र चुनौती' विषयक अध्ययन प्रतिवेदन सार्वजनिक गरिएको छ । कार्यक्रममा शिक्षा पत्रकार समूहका पूर्वअध्यक्ष राजन शर्माले संघीय शिक्षा ऐन नबनेकै कारण शिक्षा विकास तथा समन्वय एकाइको अधिकार क्षेत्रबारे समेत अन्योल रहेको औंल्याए । 'यही अन्योलकै बीच एकाइहरूले कतिपय जिल्लामा साविक जिल्ला शिक्षा कार्यालयकै हैसियत प्रयोग गर्न थालेका छन्,' उनले भने ।

उक्त अध्ययनले स्थानीय तहमा देखिएको अन्याले हटाउन तत्काल संघीय शिक्षा ऐनको तर्जुमा गर्नुपर्नेमा जोड दिएको छ । कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले संविधानले मात्र शिक्षाको सबै व्यवस्था समेट्न नसक्ने भन्दै शिक्षा नीति र शिक्षा ऐन तथा नियम ल्याउनुपर्ने बताए । अबको हिउँदे अधिवेशनमा संघीय शिक्षा ऐनको तयारी पनि अघि बढाइने उनको भनाइ छ ।

मन्त्रिपरिषद्ले एउटा ऐन बनाउन सहमति दिए पनि व्यावहारिक हिसाबले तीनओटा बनाउन उपयुक्त देखिएकाले शिक्षा ऐन, प्राविधिक तथा व्यावसायिक ऐन र उच्च शिक्षा छाता ऐन बनाउने तयारी भइरहेको मन्त्री पोखरेलले बताए । 'संघीय नीति नआएको अवस्थामा स्थानीय तहलाई निर्णय गर्ने अधिकार दिएकै हो,' उनले भने, 'अन्तरराष्ट्रिय अभ्यास अनुसार कानून मन्त्रालयको निर्देशनमा रहेर पहिले शिक्षा नीति ल्याएर ऐन बनाउने बाटोमा छौं ।' एकीकृत ढंगले ऐन ल्याउने तयारी भएको भन्दै उनले अब यसैको आधारमा संघ, प्रदेश र स्थानीय तह अगाडि बढ्नुपर्ने बताए ।

शिक्षक दरबन्दी पूरा नभएसम्म गुणस्तरीय शिक्षाको प्रत्याभूति हुन नसक्ने मन्त्री पोखरेलले औंल्याए । 'सबैको चाहना गुणस्तरीय शिक्षालाई प्रत्याभूत गर्ने हो । यसका लागि तिनै तह सक्रिय हुन जरुरी छ,' उनले भने, 'विद्यालय शिक्षाको सवालमा स्थानीय सरकारकै बढी भूमिका हुनुपर्छ ।'

कार्यक्रममा सांसद सत्या पहाडीले बाल विकास शिक्षाको अवस्था र शैक्षिक पाठ्यक्रम निर्माणमा कमजोरी भएको औंल्याइन् । बालशिक्षाका लागि बजेट बढाउनुपर्नेमा पनि उनले जोड दिइन् । यस्तै, कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनले सुधार गर्न चाहेका विद्यालयलाई स्थानीय तहले हस्तक्षेप नगरेको, बरु प्रोत्साहन गरेको बताए । पहिलेको तुलनामा विद्यालय शिक्षामा सुधार आएको दाबी उनले गरे ।

शिक्षा तथा मानव विकास स्रोत केन्द्रका प्रवक्ता दीपक शर्माले शिक्षा ऐन बाझिएकाले संघीय संसद्ले दुई पटकसम्म संशोधन गरिसकेको बताए । शिक्षा पत्रकार समूहकी अध्यक्ष रोश्ना सुब्बाले विद्यालयमा कर्मचारी नियुक्ति, सरुवाको विवाद उच्च अदालतसम्म पुगेकोबारे भन्दै यसले संघ र स्थानीय तहबीच द्वन्द्व सृजना हुन सक्ने बताइन् । यस्तै सेभ द चिल्ड्रेनकी डा. लक्ष्मी पौडेलले संघीयता कार्यान्वयनको व्यवस्थापकीय पाटोमा सरकार चुकेको औंल्याइन् । शिक्षाविद् विद्यानाथ कोइरालाले स्थानीय तहमा राजनीतिक नेतृत्व हाबी हुँदा शैक्षिक क्षेत्रमा समस्या आएको टिप्पणी गरे । अहिले स्थानीय तह र प्रदेश सरकारबीच संवादहीन अवस्था रहेको समेत उनको ठहर छ ।

# प्राधिकरणले सुदूरपश्चिममा गऱ्यो कार्यसम्पादन सम्झौता

धनगढी (अस) । नेपाल विद्युत् प्राधिकरण केन्द्रीय कार्यालय र सुदूरपश्चिम प्रादेशिक कार्यालय तथा यस अन्तर्गतका विद्युत् वितरण केन्द्रहरूबीच कार्य सम्पादनसम्बन्धी सम्झौता गरिएको छ । सोमवार धनगढीमा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले प्रादेशिक कार्यालय प्रमुख सतीशकुमार कर्ण र उपकार्यकारी निर्देशक हरराज न्यौपानले वितरण केन्द्रका प्रमुखहरूबीच यस्तो सम्झौता गरेका हुन् ।

विद्युत् चुहावट घटाउने, राजस्व बढाउने, ग्राहक सेवामा सुधार गर्ने लगायत विषयमा सम्झौता गरिएको प्रादेशिक कार्यालय, अत्तरियाका प्रमुख कर्णले बताए । उक्त अवसरमा कार्यकारी निर्देशक घिसिङले विद्युत् चुहावट १० दशमलव ६९ प्रतिशतभन्दा बढी नपुग्ने गरी नियन्त्रण गर्न प्रादेशिक कार्यालय अत्तरिया र वितरण केन्द्रका प्रमुखहरूलाई निर्देशन दिए । यससँगै उनले प्राविधिक तथा गैरप्राविधिक चुहावट नियन्त्रणका लागि सञ्चालित अभियान अझै सशक्त र प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका छन् ।

कार्यसम्पादन सम्झौतामा विद्युत् चुहावट घटाउने, प्रशासनिक खर्च घटाउने, बाँकी बक्यौता असुल गर्ने, ग्राहक सेवाको स्तर वृद्धि गर्नेलगायत कार्यसम्पादन सूचकांक निर्धारण गरिएको छ । यस्तै प्रादेशिक कार्यालय मातहतका वितरण केन्द्रलाई चुहावट नियन्त्रण, औसत महशुल संकलनको अवधि घटाउने विषयलाई मुख्य लक्ष्य निर्धारण गरिएको छ । कार्यसम्पादन सम्झौतामा विद्युत् चुहावट नियन्त्रणलाई उच्च प्राथमिकतामा राखेर अंकभार ५० राखिएको छ । कार्यसम्पादनमा राखिएका सूचकहरूको वस्तुनिष्ठ मूल्यांकन गरेर केन्द्र प्रमुखलाई पुरस्कार र दण्ड दिने व्यवस्था गरिएको छ ।

उपकार्यकारी निर्देशक न्यौपानेले विद्युतीय दुर्घटना न्यूनीकरणका लागि सुरक्षामा ध्यान दिन र ग्राहकलाई दिइने सेवा प्रवाहलाई सुधार गर्न निर्देशन दिए । उनका अनुसार वितरण केन्द्र प्रमुखसँगको सम्झौतामा विद्युत् चुहावट घटाउने, प्रशासनिक खर्च घटाउने, बाँकी बक्यौता असुल गर्ने, स्तरीय, भरपर्दो तथा सुरक्षित विद्युत् सेवा प्रदान गर्ने, ग्राहक सेवाको स्तरवृद्धि गर्ने लगायत कार्यसम्पादन सूचकांक निर्धारण गरिएको छ ।

चालू आवको पहिलो चौमासिकमा सुदूरपश्चिमको विद्युत् चुहावट ९ दशमलव ६२ प्रतिशत रहेको कर्णले बताए । चालू आर्थिक वर्षभित्रै प्रदेशका तीन जिल्ला कैलाली, कञ्चनपुर र डोटीमा विद्युतीकरणको काम सम्पन्न गर्न कार्यकारी निर्देशक घिसिङले प्रादेशिक कार्यालय, अत्तरियालाई निर्देशन दिएका छन् । प्राधिकरणले अहिले यो प्रदेशका ६४ प्रतिशत नागरिकलाई मात्र विद्युत् सेवा उपलब्ध गराउन सकेकाले विद्युतीकरणको काम तीव्ररूपमा अघि बढाउनुपर्ने उनले बताए ।


## सम्पादकीय विभागमा कर्मचारी आवश्यकता

**नेपालको प्रतिष्ठित मिडिया हाउस न्यू बिजनेश एज प्रालिका लागि निम्न बमोजिमका कर्मचारी आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिहरूले आफ्नो व्यक्तिगत विवरण सहित निवेदन पेश गर्नु हुन अनुरोध गरिन्छ ।**

**१. पद : अनलाइन सम्पादक (नेपाली र अंग्रेजी)**
**संख्या :** दुई
**शैक्षिक योग्यता :** मान्यताप्राप्त विश्वविद्यालयबाट पत्रकारिता विषयमा स्नातक उत्तीर्ण
**अनुभव :** पत्रकारितामा दश वर्षको अनुभव

**२. पद : डेस्क सम्पादक/उपसम्पादक (न्यूज)**
**संख्या :** २
**शैक्षिक योग्यता :** कुनै पनि विषयमा स्नातक उत्तीर्ण (पत्रकारिता/व्यवस्थापन/अर्थशास्त्र); स्नातकोत्तर उत्तीर्णलाई विशेष प्राथमिकता
**अनुभव :** पाँच वर्ष वा सो भन्दा बढी कुनै प्रिन्ट मिडियामा कार्य गरेको अनुभव

**३. पद : वरिष्ठ उपसम्पादक (अंग्रेजी)-अनलाइन पब्लिकेशन**
**संख्या :** २
**शैक्षिक योग्यता :** कुनै पनि विषयमा स्नातक उत्तीर्ण (पत्रकारिता/व्यवस्थापन/अर्थशास्त्र); स्नातकोत्तर उत्तीर्णलाई विशेष प्राथमिकता
**अनुभव :** पत्रकारितामा तीनदेखि पाँच वर्षसम्मको अनुभव । अनलाइनमा कार्य गरेको अनुभवीलाई विशेष प्राथमिकता

**४. पद : वरिष्ठ संवाददाता (नेपाली)**
**संख्या :** केही
**शैक्षिक योग्यता :** पत्रकारितामा स्नातक; स्नातकोत्तरलाई विशेष प्राथमिकता
**अनुभव :** पत्रकारितामा कम्तीमा तीन वर्षको अनुभव

**५. पद : फोटो पत्रकार**
**संख्या :** ३
**शैक्षिक योग्यता :** पत्रकारितामा स्नातक; स्नातकोत्तरलाई विशेष प्राथमिकता
**अनुभव :** फोटो पत्रकारिता गरेको तीन वर्षको अनुभव

**६. पद : ग्राफिक डिजाइनर**
**संख्या :** केही
**अनुभव :** प्रिन्ट मिडियाको ग्राफिक डिजाइनमा कम्तीमा दुई वर्षको अनुभव

***तलब तथा सेवा सुविधा आपसी सहमति अनुसार तय गरिनेछ ।***

***निवेदन दिने अन्तिम मिति : २०७६ पौष १५ गते ।**

इमेल : hrdep@newbusinessage.com

New Business Age Pvt. Ltd.
Thapathali, Kathmandu

www.abhiyandaily.com | www.newbusinessage.com


## दोस्रो उद्यमशील महिला मेलामा करीब २ करोडको कारोबार



धरान (अस) । सुनसरीको इटहरीमा मंसिर २८ गतेदेखि पुस ६ गतेसम्म आयोजित दोस्रो उद्यमशील महिला मेलामा २ करोड रुपैयाँबराबरको कारोबार भएको छ । सोमवार सम्पन्न मेलाको आयव्यव विवरण सार्वजनिक कार्यक्रममा आयोजक नेपाल उद्यमशील महिला महासंघले उक्त जानकारी दिएको हो ।

मेलामा नेपाल सरकारबाट १५ लाख, स्टल शुल्कबाट १ लाख ५० हजार, सांगीतिक कार्यक्रमको प्रवेश शुल्कबाट ३ लाख १५ हजार रुपैयाँ संकलन भएको महासंघकी केन्द्रीय अध्यक्ष देविका बुढाथोकीले बताइन् । त्यसैगरी स्टल निर्माण, कलाकार र प्रचारप्रसार लगायतमा ३५ लाख ३४ हजार रुपैयाँ खर्च भएको उनले जानकारी दिइन् ।

मोफसलका महिलाद्वारा उत्पादित सामग्रीको खोजी, पहिचान तथा बजार प्रवर्द्धन गर्ने उद्देश्यले यसपटक इटहरीमा मेला आयोजना गरिएको अध्यक्ष बुढाथोकीले बताइन् । यसअघि यो मेला काठमाडौंमा मात्र आयोजना हुँदै आएको थियो । उक्त अवसरमा महासंघले शीप विकासका लागि १५० भन्दा बढी महिलालाई 'लेडिज ब्याग' बनाउने तालीम दिएको छ । १५ दिने उक्त तालीमपश्चात् व्यवसाय नै शुरू गर्न सक्नेगरी उनीहरूलाई दक्ष बनाइने बताइएको छ ।

### तथ्यांकोवाच

# क्रिसमश सामग्रीको विश्व आयात बजार रू. ५७१ अर्बको

## नेपालको निर्यात बढ्दो

काठमाडौं (अस) । सन् २०१८ मा विश्वमा ४ अर्ब ९६ करोड अमेरिकी डलर (रू. ५७० अर्ब ५६ करोड) बराबरको त्रिसमश सामग्री आयात भएको छ । सो वर्ष संयुक्त राज्य अमेरिकाले २ अर्ब ६९ अमेरिकी डलर (रू. ३०८ अर्ब ८८ करोड) बराबरको यी वस्तु आयात गरेको छ । क्रिसमश वस्तुको आयात वर्षेनि बढ्दै गएको छ । विश्वमा यस्ता वस्तुहरूको निर्यातमा चीनको हिस्सा करीब ८३ प्रतिशत छ ।

नेपालबाट पनि क्रिसमश वस्तुको निर्यातमा वृद्धि भइरहेको छ । उक्त तथ्यहरूलाई दृष्टिगत गर्दै उचित रणनीति अंगीकार गर्ने हो भने विश्वको क्रिममश वस्तुको बजारमा नेपाली उत्पादनले राम्रै स्थान ओगट्न सक्ने देखिन्छ । यसका लागि क्रिसमश वस्तुहरू उत्पादनमा संलग्न उद्योगहरूको क्षमता अभिवृद्धि, बजार विविधीकरण र ती उद्योगहरूलाई पर्याप्त मात्रामा अनुदान, प्रोत्साहन र संरक्षण प्रदान गर्नुपर्दछ । यस्तो व्यवस्था भएमा विश्वको क्रिसमश बजारमा नेपाली उत्पादनको निर्यात सजिलै बढाउन सकिन्छ ।

### आर्थिक वर्ष २०१८/१९ मा नेपालको क्रिसमश वस्तुको निर्यात

| देश | परिमाण (मेट्रिक टन) | मूल्य (रू. लाख) |
|---|---|---|
| अमेरिका | २०२ | ८५८.७७ |
| बेलायत | २५५ | ४८८.३३ |
| अस्ट्रेलिया | ४ | ३०.०९ |
| दक्षिण कोरिया | ३९ | १४.९५ |
| क्यानडा | ५ | १३.९६ |
| इटाली | ४ | ९.८४ |
| यूएई | २ | ६.९१ |
| स्वीडेन | ६ | ६.८२ |
| नेदरल्यान्ड्स | २ | २.९१ |
| साउदी अरेबिया | ० | २.१७ |
| मेक्सिको | ० | १.७७ |
| ताइवान, चीन | ० | १.२० |
| स्पेन | ० | १.०२ |
| फिलिपिन्स | ० | ०.५४ |
| रूस | ० | ०.४० |
| कुल | ५२१ | १,४३९.६७ |

*स्रोत : व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र*

### क्रिसमश वस्तुको नेपालको निर्यातको १० वर्षको प्रवृत्ति

| आर्थिक वर्ष | परिमाण (मेट्रिकटन) | मूल्य (रू. लाख) |
|---|---|---|
| २००९/१० | ३७ | ६१.६४ |
| २०१०/११ | ० | ०.०८ |
| २०११/१२ | २ | ३.१० |
| २०१२/१३ | ६० | ७२.६९ |
| २०१३/१४ | ३५ | ७८.२० |
| २०१४/१५ | ५८ | १३५.६३ |
| २०१५/१६ | १४१ | ३७१.८९ |
| २०१६/१७ | १५७ | ४८६.७० |
| २०१७/१८ | २५७ | ६६५.३५ |
| २०१८/१९ | ५२१ | १,४३९.६७ |

*स्रोत : व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र*

### सन् २०१८ मा विश्वको क्रिसमश वस्तुको आयात


| देश | मूल्य (अर्ब अमेरिकी डलर) |
|---|---|
| विश्व | ४.९६ |
| अमेरिका | २.६९ |
| बेलायत | ०.२८ |
| क्यानडा | ०.२४ |
| जर्मनी | ०.१६ |
| नेदरल्यान्ड्स | ०.१४ |
| फ्रान्स | ०.१३ |
| इटाली | ०.११ |
| रूस | ०.०८ |
| अस्ट्रेलिया | ०.०८ |
| अन्य | १.०४ |


*स्रोत : आईटीसी ट्रेडम्याप*

### विश्वमा क्रिसमश वस्तुको आयातको ५ वर्षको प्रवृत्ति

| वर्ष | २०१४ | २०१५ | २०१६ | २०१७ | २०१८ |
|---|---|---|---|---|---|
| मूल्य (अर्ब अमेरिकी डलर) | ४.४१ | ४.३८ | ४.३७ | ४.६० | ४.९६ |

*स्रोत : आईटीसी ट्रेडम्याप*




*स्रोत : व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र*

न्यू बिजनेश एज (प्रा) लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | सम्पादक : मुकुल हुमागाईं | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-४२६७७१७, फ्याक्स-४२६८७२६ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : एक्सप्रेस कलर प्रेस कं. प्रा.लि., बुद्धनगर, काठमाडौं